# भन्सार समाचार
# Customs News

Customs and Business: Improving Performance Through Partnership (भन्सार र व्यवसाय: सहकार्यको माध्यमबाट कार्यसम्पादनमा सुधार)

वर्ष - २ अङ्क-४ | २०६७ साल वैशाख १५( May 2010) | मासिक


## कोरियाको सूचना प्रविधि अध्ययन तालिममा भन्सार प्रशासनको सहभागिता

कोरियाको सिओलमा मार्च २९ देखि अप्रिल २ सम्म सूचना प्रविधि अध्ययन तालिम कार्यक्रम सन्चालन गरियो । कोरिया सरकारको National Information Society Agency (NIA) ले आयोजना गरेको कार्यक्रमको उद्देश्य विकासशील देशहरूबीच सूचना प्रविधि प्रवर्द्धन गर्नु र जनशक्ति विकास गर्नु रहेको थियो । १० देशहरूबाट १२ जनाको प्रतिनिधित्व रहेको तालिम कार्यक्रममा नेपालको भन्सार प्रशासनको तर्फबाट भन्सार विभागका निर्देशक श्यामप्रसाद दाहालले भाग लिन भएको थियो।

तालिम कार्यक्रममा कोरियाले विगत केही वर्षमा सूचना प्रविधिको क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गरेको र हाल विश्वको अग्रणी राष्ट्र भएको जानकारी गराइयो । तालिम अवधिमा सूचना प्रविधिको सफलताका केही उदाहरणहरूको अवलोकनसमेत गराइयो । कोरियाले सूचना प्रविधिमा आधारित स्वचालित खरिद प्रक्रिया, भन्सार जाँचपास, कर प्रणाली, वेभमा आधारित निजामती प्रशासन, पेटेन्ट सेवा, अनलाइन नागरिक सेवा, व्यवसायका लागि एक द्वार सेवा, सबै सरकारी कार्यहरूको स्तरीकरण र व्यवस्थापन, प्रशासनिक जानकारी एवं प्रक्रियाहरूको आदान प्रदान र राष्ट्रिय सूचना प्रविधि व्यवस्थापन निकायको स्थापना र सन्चालन जस्ता उदाहरणीय पक्षको विषयमा जानकारी गराइयो । सूचना प्रविधिका कारणले नै कोरियाले सन् १९६४ को प्रतिव्यक्ति आय १०० डलरलाई सन् २००८ मा ११,५०० पुर्याएको जानकारी गराइयो।




कार्यक्रमको अन्त्यमा सबै सहभागीहरूले आ-आफ्नो देशको सूचना प्रविधिका विषयमा प्रकाश पारेका थिए । भन्सार विभागका निर्देशक श्याम दाहालले प्रस्तुतीकरणका क्रममा नेपालमा ई सरकार गुरु योजना कार्यान्वयनमा रहेको, सूचना प्रविधि नीति २०१० जारी गरिएको, डाटा केन्द्र सुरु गरिएको, राष्ट्रिय सूचना प्रविधि केन्द्र स्थापना भई सन्चालनमा रहेको र विभिन्न सरकारी निकायहरूमा सूचना प्रविधिमा आधारित सेवा विस्तारको कार्य भई रहेको जानकारी दिनु भयो । यसका साथै उहाँले भन्सार प्रशासनमा सूचना प्रविधिको प्रयोगका सन्दर्भमा आशिकुडाको कार्यान्वयनका विषयमा समेत प्रकाश पार्नु भयो।

## नेपाल चीन व्यापार सहजीकरण बैठकमा भन्सार विभागको प्रतिनिधित्व

नेपाल चीन अन्तर सरकारी व्यापार सहजीकरण समित को प्रथम बैठक अप्रिल २१-२४, २०१० सम्म चीनको स्वशासित क्षेत्र तिब्बतको ल्हासामा सम्पन्न भयो। द्विपक्षीय व्यापार सहजीकरण गर्ने उद्देश्यले गठित उक्त समितिको प्रथम बैठकमा भाग लिन नेपालको तर्फबाट गएको ८ सदस्यीय टोलीको नेतृत्व वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव सूर्यप्रसाद सिलवालले गर्नु भएको थियो। भन्सार विभागको तर्फबाट उक्त टोलीमा निर्देशक डिकरदेव भट्टले प्रतिनिधित्व गर्नु भएको थियो।

बैठक द्विपक्षीय व्यापार सहजीकरण लागि सीमा सम्बन्ध सुदृढीकरण, भन्सार तथा गैर कर अवरोधको न्यूनीकरण, भौतिक पूर्वाधार विकास, सहज अध्यागमन व्यवस्था र गुणस्तर तथा क्वारेन्टाईन व्यवस्थालाई अझ सुदृढ तथा सहज बनाउने विषयमा केन्द्रित रह्यो। बैठकमा निर्देशक भट्टले दुवै देशका भन्सार कार्यालयहरूको बीचमा सुमधुर सम्बन्ध रहेको, नियमित बैठक भइरहेको जानकारी गराउँदै त्यसलाई निरन्तरता दिइनुपर्ने उल्लेख गर्नु भयो। नेपाल चीनबीच रहेको व्यापार घाटा न्यून गर्न चीन सरकारले सहयोग गर्नुपर्ने कुरा पनि उहाँले राख्नु भयो। वहाँले व्यापार सहजीकरणका लागि सीमा स्थित भन्सार क्षेत्रमा भौतिक पूर्वाधारको विकास आवश्यक भएकोले सोको लागि चीन सरकारको थप सहयोगको अपेक्षा रहेको कुरा पनि उल्लेख गर्नु भयो। उक्त समितिको अर्को बैठक आगामी अप्रिल २०११ मा काठमाडौंमा बस्ने सहमति भएको छ।

# भन्सार समाचार
# Customs News

**प्रकाशक**
भन्सार विभाग,
त्रिपुरेश्वर, काठमाडौं

**प्रमुख सल्लाहकार**
नवराज भण्डारी

**सल्लाहकार**
आनन्दराज ढकाल
विष्णुप्रसाद पाण्डे
डिकरदेव भट्ट
कुलराज ज्ञवाली

**प्रधान सम्पादक**
श्यामप्रसाद दाहाल

**सम्पादक**
नीरद रेग्मी

**मुद्रण**
सूचना प्रविधि तथा
आधुनिकीरण शाखा,
भन्सार विभाग,
काठमाण्डौ
फो नं. ४२५९७९१,
४२५९७९३
फ्याक्स: ४२५९८०८
e-mail:
it@customs.gov.np


# Seizure on Synthetic Drugs and Precursor Chemical गोष्ठीमा भन्सार प्रशासनको सहभागिता

Asia Pacific Regional Office for Capacity Building ( ROBC/AP) र विश्व भन्सार सङ्गठनको संयुक्त तत्वावधानमा जापान भन्सार सहयोग कोषको सहयोगमा यही अप्रिल १२ देखि १६ सम्म चीनको औद्योगिक नगरी संघाईको संघाई भन्सार कलेजमा सम्पन्न Seizure on Synthetic Drugs and Precursor Chemical गोष्ठीमा नेपालको भन्सार प्रशासनको सहभागिता रह्यो। एसिया प्यासिफिक क्षेत्रका २३ देशका २८ जना र चिनिया भन्सार प्रशासनका ४ जना भन्सार अधिकृतहरू पर्यवेक्षकको रुपमा सहभागिता रहेको थियो। गोष्ठीमा नेपालको तर्फबाट भन्सार विभागका शाखा अधिकृत केशबराज ढकालले प्रतिनिधित्व गर्दै कार्यपत्र प्रस्तुत गर्नु भएको थियो।




गोष्ठीमा लागू पदार्थ र सहायक सामानहरू ओसारपसारमा भन्सार प्रशासनले खेल्नु पर्ने भूमिका र अष्ट्रेलीया, हङकङ, जापानले अवलम्वन गरेका राम्रा अभ्यासहरूको अनुभवको आदानप्रदान गरियो। सहायक रसायनहरू आयात निर्यात गर्ने मुलुकहरूबीच Pre export notification ( PEN) System ले कसरी सहयोग अभिबृद्धि गर्न सक्छ सो को बारेमा छलफल भयो। गोष्ठीमा Synthetic Drugs र Precursor Chemical को विश्व र क्षेत्रीय स्तरको Seizure Trend को बारेमा समेत चर्चा गरियो।

गोष्ठीमा सहभागी राष्ट्रका प्रतिनिधिहरूले लागू पदार्थ र सहायक रसायनको ओसारपसार र आयात निर्यात नियन्त्रण गर्न आफ्नो आफ्नो देशले अवलम्वन गरेका कानूनी आधार, सङ्गठनात्मक संरचना, कार्यप्रकृया, जफतको तथ्याङ्क, आदिको बारेमा भएको छलफलले लागू पदार्थको अवैध कारोबारलाई नियन्त्रण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

लागू पदार्थ नियन्त्रण गर्न नेतृत्व, साधन श्रोत, कार्य प्रकृया, प्रविधि, बाह्य सहयोगको प्रयासले मात्र सम्भव हुने गोष्ठीले निचोड निकालेकोछ।

# कार्यसम्पादनमा विराटनगर भन्सार कार्यालय अगाडि

फागुन महिनामा विराटनगर भन्सार कार्यालय भन्सार प्रशासनमा सबैभन्दा कुशल कार्यालयको रुपमा स्थापित हुन सफल भएको छ। यो स्थान कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता गणनाको लागि मूल्याङ्कन गरिएको परिसूचकहरूको आधारमा प्राप्त भएको हो जसमा विराटनगर भन्सार कार्यालयले सुरू तलब स्केलको औसत १८८% भत्ता गणना गराउन सफल भएको छ। त्यस्तै औसत १८१ अङ्क गणना गराइ कृष्णनगर र वीरगन्ज भन्सार कार्यालय कार्यसम्पादनमा दोस्रो स्थानमा रहन सफल भएका छन्।तेस्रो स्थानमा नेपालगन्ज भन्सार कार्यालय रहेको छ जसले औसत १८० अङ्क पाएको छ। मेची र कोइलावास भन्सार कार्यालय १०० अङ्कको हाराहारीमा छन् भने १०० अङ्क भन्दा कम प्राप्त गर्ने कार्यालयहरूमा सर्लाही, जनकपुर, सिराहा, पशुपतिनगर र राजविराज भन्सार कार्यालयहरू रहेका छन्। राजविराज भन्सार कार्यालयले मात्र ५६ अङ्क प्राप्त गरी पुछारको स्थान प्राप्त गरेको छ।

| क्रम | कार्यालय | फागुन महिनाको स्विकृत भत्ता | | |
|---|---|---|---|---|
| | | संचालन | नियन्त्रण | प्रमुख |
| १ | विराटनगर | १८५ | १९१ | १८८ |
| २ | कृष्णनगर | १८५ | १७७ | १८१ |
| ३ | वीरगंज | १८० | १८२ | १८१ |
| ४ | नेपालगंज | १७८ | १८२ | १८० |
| ५ | जलेश्वर | १७१ | १८४ | १७७ |
| ६ | गौर | १८५ | १६४ | १७४ |
| ७ | सुख्खा बन्दरगाह | १८० | १६६ | १७३ |
| ८ | राजापुर | १७८ | १६८ | १७३ |
| ९ | महाकाली | १६१ | १८२ | १७१ |
| १० | भैरहवा | १५६ | १७६ | १६६ |
| ११ | त्रि.वि. | १३९ | १९२ | १६६ |
| १२ | कैलाली | १७६ | १५४ | १६५ |
| १३ | सुनसरी | १५९ | १६९ | १६४ |
| १४ | तातोपानी | १५० | १६३ | १५६ |
| १५ | कन्चनपुर | १४५ | १४४ | १४४ |
| १६ | मेची | १०५ | १०२ | १०३ |
| १७ | कोइलाबास | १०७ | ९६ | १०१ |
| १८ | सर्लाही | ७८ | ७४ | ७६ |
| १९ | जनकपुर | ७३ | ६३ | ६८ |
| २० | सिरहा | ७४ | ६१ | ६७ |
| २१ | पशुपतिनगर | ६१ | ६८ | ६४ |
| २२ | राजविराज | ५४ | ५८ | ५६ |

# आ.ब. २०६६।०६७ चैत्र महिनाको कार्यालयगत तुलनात्मक भन्सार राजस्व असूली बिवरण

रु. ००० मा

| सि.नं | भन्सार कार्यालय | २०६५।६६ | | २०६६।६७ | | | | | गत आ.ब.को चैत्र महिनासम्मको असुलिको तुलनामा वृद्धि वा ह्रास प्रतिशत | आ.ब.०६६।६७ चैत्र महिनासम्मको | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चैत्र महिनाको असुली | चैत्र महिनासम्मको असुली | चैत्र महिनाको लक्ष्य | चैत्र महिनाको असुली | लक्ष्यमा असुली प्रतिशत | चैत्र महिनासम्मको लक्ष्य | चैत्र महिनासम्मको असुली | | लक्ष्यमा असुली प्रतिशत | लक्ष्यमा घटी वा बढी रकम |
| १ | पशुपतिनगर | १८० | १९५६ | ६२९ | ४३० | ६८।४७ | २०८० | १८८१ | (३।८२ | ९०।४७ | (१९८ |
| २ | मेची | ७१८८५ | ५१७८८५ | ११४९८८ | ५५९०० | ४८।६१ | ५९५०१५ | ५३५९२७ | ३।४८ | ९०।०७ | (५९०८८ |
| ३ | विराटनगर | २२६१८१ | १४८४७२० | २८५३७५ | २९२९८६ | १०२।६७ | १९८०४१९ | १९८८०३० | ३३।९० | १००।३८ | ७६११ |
| ४ | सुनसरी | ४५७६ | १२७१४ | ५७८० | ६७४१ | ११६।६२ | ८०७०४ | ८१६६५ | ५४२।३२ | १।१९ | ९६१ |
| ५ | राजबिराज | ० | ३६००२ | ६८५४ | ५२ | ०।७५ | २८१३७ | २१३३५ | (४०।७४ | (२४।१८ | (६८०२ |
| ६ | सिराहा | २०३५ | १३३५५ | ३५०० | १३६३ | ३८।९३ | २२२३० | २००९३ | ५०।४५ | ९०।३८ | (२१३७ |
| ७ | जनकपुर | ४९७९ | ३४१८९ | ९९२४ | २०८० | २०।९६ | ३२०७७ | २४२३३ | (२९।१२ | ७५।५५ | (७८४४ |
| ८ | जलेश्वर | ७०२० | ३६७४० | १३८७० | ५५३५ | ३९।९१ | ११९४३१ | १११०९६ | २०२।३९ | ९३।०२ | (८३३४ |
| ९ | सर्लाही | ८५५२ | ४८४२७ | १४२५८ | ९९०६ | ६९।४७ | ५१५३७ | ४७१८५ | (२।५७ | ९१।५५ | (४३५२ |
| १० | गौर | २०४७ | १६४०५ | २५९० | २३०२ | ८८।८८ | २५२०५ | २४९१७ | ५१।८९ | ९८।८६ | (२८८ |
| ११ | वीरगन्ज | ११६८६३२ | ८१४४७४५ | १४८४०३९ | १३९५६०४ | ९४।०४ | ११९११३२८ | ११८२२८९३ | ४५।१६ | ९९।२६ | (८८४३५ |
| १२ | सुख्खा बन्दरगाह | १९४७५० | १४५६४६८ | २८०७६८ | २५७०२९ | ९१।५५ | १८३०७०४ | १८०६९६५ | २४।०६ | ९८।७० | (२३७३९ |
| १३ | भैरहवा | ३४५८३७ | १८८७६२१ | ४३७४९८ | ४३७८८३ | १००।०९ | ३१६२८२५ | ३१६३२१० | ६७।५८ | १००।०१ | ३८५ |
| १४ | कृष्णनगर | ५१४५३ | ३१५३६४ | ६९८२८ | ४३८८० | ६२।८४ | ४३०४५९ | ४०४५११ | २८।२७ | ९३।९७ | (२५९४८ |
| १५ | कोइलावास | | ० | १०० | ५२ | ५२।४१ | २८९४ | २८४६ | | ९८।३६ | (४८ |
| १६ | नेपालगन्ज | ६९७०६ | ४७०७१५ | ८९००३ | ७०९२१ | ७९।६८ | ६३८६९५ | ६२०६१३ | ३१।८४ | ९७।१७ | (१८०८३ |
| १७ | राजापुर | २१२ | ३२१६ | २७० | ४२५ | १५७।४६ | ४९७७ | ५१३२ | ५९।५८ | १०३।१२ | १५५ |
| १८ | कैलाली | १८१२४ | १०८७०९ | २५५११ | २२९३१ | ८९।८९ | १६४४९८ | १६१९१८ | ४८।९५ | ९८।४३ | (२५८० |
| १९ | कंचनपुर | २९०९ | १८३७५ | ३६८० | २२९५ | ६२।३८ | २०७२७ | १९३४२ | ५।२७ | ९३।३२ | (१३८५ |
| २० | महाकाली | ३२ | ३९२ | ४० | ८९ | २१९।५८ | ८५० | ८९९ | १२९।२८ | १०५।६९ | ४८ |
| २१ | त्रि.वि. स्थल | ७९७६४ | ७२१७४५ | १०१०१० | ९१२८० | ९०।३७ | ९१५०३७ | ९०५३०७ | २५।४३ | ९८।९४ | (९७३० |
| २२ | तातोपानी | ९६७७२ | ६८७७७० | ११५००० | ७२५२५ | ६३।०७ | ९४८५६५ | ९०६०९० | ३१।७४ | ९५।५२ | (४२४७५ |
| २३ | रसुवा | ० | २५३ | ५० | ० | ०।०० | ४८० | २४९ | (१।५८ | ५१।८८ | (२३१ |
| | जम्मा | २३५५६४६ | १६०१७७६६ | ३०६४५६६ | २७७२२१० | ९०।४६ | २२९६८८७५ | २२६७६३३८ | ४१।५७ | ९८।७३ | (२९२५३७ |
| | भारतीय अ.शुल्क फिर्ता | ७६२४४१ | २४२७२३४ | ३४०००० | ३८१७९९ | ११२।२९ | २२५०००० | २३९१९१५ | (१।४६ | १०६।३१ | १४१९१५ |
| | कूल जम्मा | ३११८०८७ | १८४४५००० | ३४०४५६६ | ३१५४००९ | ९२।६४ | २५२१८८७५ | २५०६८२५३ | ३५।९१ | ९९।४० | (१५०६२२ |

# आ.ब. २०६६।०६७ चैत्र महिनाको कार्यालयगत तुलनात्मक राजस्व असूली बिवरण
## भन्सार महशुल, मू.अ.कर र अन्तशूल्क

रु. ००० मा

| सि.नं | भन्सार कार्यालय | २०६५।६६ | | २०६६।६७ | | | | | गत आ.ब.को चैत्र महिनासम्मको असुलिको तुलनामा वृद्धि वा ह्रास प्रतिशत | आ.ब.०६६।६७ चैत्र महिनासम्मको | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चैत्रमहिनाको असुली | चैत्र महिनासम्मको असुली | चैत्र महिनाको लक्ष्य | चैत्र महिनाको असुली | लक्ष्यमा असुली प्रतिशत | चैत्र महिनासम्मको लक्ष्य | चैत्र महिनासम्मको असुली | | लक्ष्यमा असुली प्रतिशत | लक्ष्यमा घटी वा बढी रकम |
| ११ | वीरगन्ज भं का. | २९५८५७७ | २१५१५६६८ | ३६७३२७५ | ३८५९५९९ | १०५।०७ | ३०३२५२४८ | ३१६८९४४६ | ४७।२९ | १०४।५० | १,३६४,१९८ |
| ३ | विराटनगर भं.का. | ६०२८७९ | ४०७७१३९ | ७२८०१६ | ८९१४३१ | १२२।४५ | ५७६५४९७ | ५९२८९१२ | ४५।४२ | १०२।८३ | १६३,४१५ |
| १३ | भैरहवा भं.का. | ७६९३८५ | ४३८६३५० | ९४३४६४ | १०२६३७२ | १०८।७९ | ७२६०५३६ | ७३४३४४४ | ६७।४२ | १०१।१४ | ८२,९०८ |
| ४ | सुनसरी भं.का. | ४७२७ | १३३७२ | ५९५२ | ६९३५ | ११६।५२ | ८२५०६ | ८३४८९ | ५२४।३६ | १०१।१९ | ९८३ |
| १८ | कैलाली भं.का. | ४४६०९ | २७३९९४ | ५६७५२ | ५७३८२ | १०१।११ | ३७०६३१ | ३७१२६१ | ३५।५० | १००।१७ | ६३१ |
| १७ | राजापुर भं.का. | २८९ | ४०९३ | ३५५ | ५२० | १४६।५६ | ६२४१ | ६४०६ | ५६।५१ | १०२।६५ | १६५ |
| २० | महाकाली भन्सार | ५३ | ७०६ | ८० | १३२ | १६३।७७ | १४३९ | १४९१ | १११।१५ | १०३।५६ | ५१ |
| १५ | कोइलावास | ० | ० | ११० | ५७ | ५१।७१ | ३१८३ | ३१२० | ०।०० | ९८।०२ | (६३ |
| १ | पशुपतिनगर भं.का | ३३२ | ३००१ | ८२९ | ६६२ | ७९।८९ | २८६८ | २७०१ | (१०।०० | ९४।१९ | (१६७ |
| १० | गौर भं.का. | ३८६५ | २६२३५ | ४७०३ | ४२५५ | ९०।४८ | ४४१३४ | ४३६८६ | ६६।५२ | ९८।९९ | (४४८ |
| २३ | रसुवा भ.का. | ० | २५३ | १५० | ० | ०।०० | ७६९ | २५३ | ०।०० | ३२।९० | (५१६ |
| १९ | कंचनपुर भं.का. | ३६५६ | २४९७२ | ४५३८ | ३६१३ | ७९।६१ | २८९४६ | २८०२१ | १२।२१ | ९६।८० | (९२५ |
| ६ | सिराहा भं.का. | ४६५८ | २८८६९ | ६५४९ | ३२१३ | ४९।०६ | ३६९८४ | ३३६४८ | १६।५५ | ९०।९८ | (३३३६ |
| ९ | सर्लाही भं.का. | ९३१७ | ५३०३८ | १५१४८ | १०९४२ | ७२।२४ | ५९६६९ | ५५४६३ | ४।५७ | ९२।९५ | (४२०६ |
| ५ | राजबिराज भं.का. | ० | ३६३१३ | ६९०४ | १०८ | १।५६ | २८७९३ | २१९९७ | (३९।४३ | ७६।४० | (६७९६ |
| ७ | जनकपुर भं.का | ९९३६ | ६५२९९ | १६९५८ | ३७०९ | २१।८७ | ५५९१६ | ४२६६७ | (३४।६६ | ७६।३० | (१३२४९ |
| २१ | त्रि.वि. स्थल भं.का | २३७७७२ | २१७५८४१ | ३१५३९३ | २९७३७६ | ९४।२९ | २७४०४६० | २७२२४४३ | २५।१२ | ९९।३४ | (१८०१६ |
| ८ | जलेश्वर भं.का. | ११८०७ | ६१६९९ | २८८७० | ९८४६ | ३४।११ | २६६५०१ | २४७४७७ | ३०१।१० | ९२।८६ | (१९०२३ |
| १४ | कृष्णनगर भं.का. | ७१११८ | ४४२५९४ | १०१७५३ | ६९५०८ | ६८।३१ | ६४७६६७ | ६१५४२२ | ३९।०५ | ९५।०२ | (३२२४४ |
| १६ | नेपालगन्ज भं.का. | १६७३१२ | १०८४७७५ | २०६३३९ | १७२९७३ | ८३।८३ | १५१३०७० | १४७९७०४ | ३६।४१ | ९७।७९ | (३३३६६ |
| १२ | सुख्खा बन्दरगाह | ४५५९३७ | ३४९२४३८ | ६२१५१८ | ५७५९७४ | ९२।६७ | ४४६७५८३ | ४४२२०३९ | २६।६२ | ९८।९८ | (४५५४४ |
| २ | मेची भं.का | १४४६९५ | ९९८०५२ | २०२४५२ | १२४८३३ | ६१।६६ | ११८७११५ | ११०९४९६ | ११।१७ | ९३।४६ | (७७६१९ |
| २२ | तातोपानी भं.का. | १८३०८३ | १२९९५०९ | २१७००२ | १३४३९३ | ६१।९३ | १७६७८४५ | १६८०९२३ | २९।३५ | ९५।०८ | (८६९२३ |
| | **जम्मा** | **५६८४००७** | **४००६४२१०** | **७१५७११०** | **७२५३८३४** | **१०१।३५** | **५६६६३६०१** | **५७९३३५१०** | **४४।६०** | **१०२।२४** | **१२६९९०९** |
| | भारतीयअन्त:शुल्क | ७६२४४१ | २४२७२३४ | ३४०००० | ३८१७९९ | ११२।२९ | २२५०००० | २३९१९१५ | (१।४६ | १०६।३१ | १४१९१५ |
| | **कूल जम्मा** | **६४४६४४८** | **४२४९१४४४** | **७४९७११०** | **७६३५६३२।८४** | **१०१।८५** | **५८९१३६०१** | **६०३२५४२५** | **४१।९७** | **१०२।४०** | **१४११८२४** |

# भन्सार एजेन्ट महासंघको प्रथम राष्ट्रिय महाधिवेशन सम्पन्न : भन्सार आधुनिकीकरण र स्वचालन प्रक्रियामा महासंघ प्रतिबद्ध

भन्सार एजेन्ट महासंघको प्रथम राष्ट्रिय महाधिवेशन चैत्र २१ गते शनिबार होटल अन्पूर्णमा सम्पन्न भयो। नेपालका विभिन्न भन्सार कार्यालयहरूका भन्सार एजेन्ट संघका पदाधिकारीहरू तथा सदस्यहरूको उपस्थिति रही भन्सार एजेन्ट महासंघका अध्यक्ष जयप्रसाद सिवाकोटीको सभापतित्व तथा नेपाल उद्योग बाणिज्य संघका अध्यक्ष कुशकुमार जोशीको प्रमुख आतिथ्यमा सम्पन्न भएको उद्घाटन सत्रमा ने.फा का अध्यक्ष रामेश्वर केसी, इकोनका अध्यक्ष नरेश दास, नेपाल च्याम्बर अफ कमर्सका अध्यक्ष सुरेन्द्र विर मालाकार, भन्सार विभागका महानिर्देशक नवराज भण्डारी, राजस्व अनुसन्धान विभागका महानिर्देशक महेश दाहाल लगायत उद्योगी व्यवसायी, राजस्व प्रशासनका पदाधिकारीहरू लगायत पत्रकारहरूको उपस्थिति रहेको थियो।

## भन्सार एजेन्ट महासंघका पदाधिकारी निर्विरोध निर्वाचित

भन्सार एजेन्ट महासंघको प्रथम महाधिवेशनले नयाँ कार्यकालको लागि पदाधिकारीहरू निर्वाचित गरेको छ। चैत्र २१ गते होटल अन्नपूर्णमा भएको बन्द सत्रबाट महासंघले पदाधिकारीहरूको निर्विरोध निर्वाचन गरेको हो। महासंघले प्रथम कार्यकालका अध्यक्ष लगायत धेरैजसो पदाधिकारीहरूलाई दोस्रो कार्यकालको लागि पनि निर्वाचित गरेको छ।

## भन्सार एजेन्ट महासंघका पदाधिकारीहरूको नामावली

अध्यक्ष – जयप्रसाद सिवाकोटी
प्रथम उपाध्यक्ष – मदन गोपाल शर्मा
द्वितीय उपाध्यक्ष – डा. शान्तकुमार शर्मा
महासचिव – केशवराज पाण्डे
सचिव – बिष्णुमणी खनाल
कोषाध्यक्ष – अर्जुनदेव पौडेल
सदस्य – भाग्यनारायण मिक्ष
सदस्य – बालकृष्ण बस्नेत
सदस्य – चेतनाथ पौडेल
सदस्य – राजमान तामाङ्ग
सदस्य – राममणी खनाल
सदस्य – विमल आचार्य
सदस्य – किशोरबहादुर शाही
सदस्य – रेशमबहादुर



कार्यक्रममा प्रमुख अतिथि जोशीले भन्सार प्रशासनको स्वचालनको लागि प्रयोग गरिएको आशिकुडा प्रणालीको प्रभावकारी कार्यान्वयन तर्फ भन्सार प्रशासन जुर्मुऱ्याएकोमा खुसी लागेको तथा अव चाँडै विद्युतिय अनलाइन घोषणाको व्यवस्थाबाट भन्सार जाँचपासको लागि भन्सार कार्यालय गइरहनु नपर्ने अवस्था आउनेमा आफु आशावादी रहेको धारणा व्यक्त गर्नु भयो। स्वागत मन्तव्य दिने क्रममा सभाका सभापति सिवाकोटीले भन्सारको आधुनिकीकरण र स्वचालन प्रक्रियामा महासंघको पूर्ण प्रतिबद्धता व्यक्त गर्दै भन्सार प्रशासन र व्यवसायीहरूबीच भन्सार एजेन्टले पुलको रूपमा काम गर्ने र भन्सार प्रशासन र एजेन्टबीच नङ र मासुको सम्बन्ध रहेको, भन्सारको सुधार र आधुनिकीकरण अभियानमा एजेन्ट महासंघको पूर्ण सहयोग र समर्थन रहेको तथा भन्सार प्रशासनले चालू आर्थिक वर्षदेखि अभियानको रुपमा प्रारम्भ गरेको ब्रोकर मोड्युल र रणनीतिक जोखिम व्यवस्थापनले भोलिका दिनमा भन्सारको कार्यमा अझ सुधार आउने विश्वास व्यक्त गर्नु भयो। महासंघका महासचिव केशवराज पाण्डेले भन्सार प्रशासनको पहुँच अत्याधुनिक प्रविधिहरू सम्म नपुगेसम्म भन्सार व्यवस्थापन र जाँचपास प्रक्रियालाई चुस्त दुरुस्त र सरल बनाउन नसकिने, यसै अवस्थालाई मध्यनजर गरेर भन्सार स्वचालनको लागि आशिकुडा प्रणालीको अवलम्वन गरिएको तथा यस प्रणालीले व्यवसायीहरू तथा एजेन्टहरू सामु ल्याएको चुनौतीहरूलाई समेत अवसरको रूपमा प्रयोग गर्न महासंघ प्रतिवद्ध रहेको धारणा व्यक्त गर्नु भयो। शुभकामना वक्तव्य दिने क्रममा भन्सार विभागका महानिर्देशक भण्डारीले भन्सार प्रशासन र भन्सार एजेन्ट महासंघ एउटै कार्यक्षेत्रमा संलग्न दुई एकाइ हुन र दुवैका समस्याहरू पनि समान छन्, तर पनि दुवैको पेसागत धरातलमा केही फरक भएको हुँदा एक अर्काको पेसागत मर्यादामा ध्यान र समझदारी देखाउनु पर्ने हुन्छ अनि मात्र समन्वयात्मक सहकार्य सम्भव हुने धारणा व्यक्त गर्नु भयो। निजी क्षेत्र अगाडि र सरकारी क्षेत्र पछाडि लाग्ने सिद्धान्तमा भन्सार प्रशासन पनि प्रतिवद्ध रहेको र ऐन कानूनको परिमार्जन, प्रक्रियाको सुधार र आधुनिकीकरणमा निजी क्षेत्रको सुझावलाई सदा स्वागत गर्ने र यसमा छलफल, अन्तरक्रिया र सहकार्यको लागि भन्सार प्रशासन सदा तत्पर रहेको बताउनु भयो। उहाँले सेवालाई स्वच्छ र मर्यादित बनाएर प्रक्रियागत पारदर्शिता र सरलीकरणको माध्यमबाट चुहावट नियन्त्रण गर्दै व्यापार सहजिकरण गर्न भन्सार प्रशासन प्रतिवद्ध रहेको तथा यसमा सबैको समान भूमिका रहने बताउनु भयो। २०५३ सालमा एजेन्ट सम्बन्धी कानूनी व्यवस्था भएपछि २०५४ सालदेखि भन्सार प्रशासनमा एजेन्ट प्रथाको प्रारम्भ भएको थियो। त्यसपछि विभिन्न भन्सार कार्यालयहरूमा भन्सार एजेन्ट संघको स्थापना भएपछि २०५६ साल जेठमा भन्सार एजेन्ट महासंघ स्थापना भएको हो।

# भन्सार प्रशासन नौ महिनामा लक्ष्य अनुसार राजस्व सङ्कलन गर्न सफल

भन्सार प्रशासन चालू आर्थिक वर्षको चैत्र महिना सम्म संशोधित लक्ष्य अनुसार राजस्व सङ्कलन गर्न सफल भएको छ। चैत्र महिना सम्ममा भन्सार प्रशासनबाट कुल रु.६० अरब ३२ करोड राजस्व सङ्कलन भएको छ जुन लक्ष्यको तुलनामा १०२.४०% रहेको छ। यो कुल सङ्कलन भन्सार महसुल, मूल्य अभिवृद्धि कर र अन्त:शुल्को जम्मा हो। चैत्र महिना सम्मको कुल राजस्वको लक्ष्य रु.५८ अरब ९१ करोड रहेको छ।यो सङ्कलन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४२% ले बढि रहेको छ।भन्सार महसुलमात्र चैत्र महिना सम्ममा रु.२५ अरब ७ करोड असुल भएको छ जुन लक्ष्यको तुलनामा ९९.४०% रहेको छ।७ वटा भन्सार कार्यालयहरूले लक्ष्य अनुसार राजस्व सङ्कलन गरेका छन् जसमा वीरगन्ज, विराटनगर, भैरहवा, सुनसरी, कैलाली, राजापुर र महाकाली भन्सार कार्यालयहरू रहेका छन्। ७ वटा भन्सार कार्यालयहरूले लक्ष्यको ९५% भन्दा बढि राजस्व सङ्कलन गरेका छन् जसमा नेपालगन्ज, कृष्णनगर, गौर, सुक्खा बन्दरगाह, कोइलावास, तातोपानी, कन्चनपुर र त्रिभुवन विमानस्थल भन्सार कार्यालयहरू रहेका छन्। पशुपतिनगर, मेची, सिराहा, जलेश्वर र सर्लाही भन्सार कार्यालयहरूले लक्ष्यको तुलनामा ९०% भन्दा केही बढि मात्र राजस्व सङ्कलन गरेका छन्।जनकपुर, राजविराज र रसुवा भन्सार कार्यालयहरूले ९०% भन्दा कम प्रगति हासिल गरेका छन्।

**आ.ब. २०६६।६७ चैत्र महिनाको शीर्षकगत राजस्व असूली बिवरण (रु हजारमा)**

| सि.नं. | | राजस्व शीर्षक | वार्षिक लक्ष्य | आ.व. ०६६।६७ चैत्रको | | आ.व. ०६६।६७ चैत्र महिनासम्मको | | असुली प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | लक्ष्य | असुली | लक्ष्य | असुली | वार्षिक लक्ष्यमा चैत्र सम्मको | चैत्रको लक्ष्यमा | चैत्रसम्मको लक्ष्यमा |
| | भन्सार तर्फको | (क) निकासी | १०९५०८९ | १००३५० | ५७२०६ | ७०३७९४ | ४०११४७ | ३६।६३ | ५७।०१ | ५७।०० |
| | | (ख) पैठारी | ३०८००१९७ | २९०६६९१ | २६३४५०३ | २१७७३५२७ | २१७९२४४९ | ७०।७५ | ९०।६४ | १००।०९ |
| | | (ग) कृषि सुधार शुल्क | ३८३२८१ | ३१०५० | ४७१५३ | २७९२३५ | ३१२५१७ | ८१।५४ | १५१।८६ | १११।९२ |
| | | (घ) अन्य | २७३७७२ | २६४७६ | ३३३४६ | २१२३१८ | १७०२२३ | ६२।१८ | १२५।९५ | ८०।१७ |
| | | जम्मा | ३२५५२३४० | ३०६४५६७ | २७७२२०८ | २२९६८८७४ | २२६७६३३६ | ६९।६६ | ९०।४६ | ९८।७३ |
| | | (ङ) DRP Refund | ३४००००० | ३४०००० | ३८१७९९ | २२५०००० | २३९१९१५ | ७०।३५ | ११२।२९ | १०६।३१ |
| १ | | भन्सार राजस्व जम्मा | ३५९५२३४० | ३४०४५६७ | ३१५४००७ | २५२१८८७४ | २५०६८२५१ | ६९।७३ | ९२।६४ | ९९।४० |
| २ | | VAT (मु.अ.कर) | ३८०८६८०० | ३३४३५१२ | ३५४६६३७ | २७४९८८५८ | २७६९७४७५ | ७२।७२ | १०६।०८ | १००।७२ |
| ३ | | अन्त:शुल्क | ८७४९४०० | ७४९०३३ | ९३४९८७ | ६१९५८६८ | ७५५९६९७ | ८६।४० | १२४।८३ | १२२।०१ |
| | | जम्मा (१,२ र ३) | ८२७८८५४० | ७४९७११२ | ७६३५६३१ | ५८९१३६०० | ६०३२५४२३ | ७२।८७ | १०१।८५ | १०२।४० |
| ४ | | बिशेष शुल्क | | | | | ० | | | |
| ५ | | सडक सुधार शुल्क | | | ८१५७६ | ० | ५५८४९९ | | | |
| ६ | | अन्य कर | | | १५७६ | ० | ११४७४ | | | |
| | | जम्मा (४,५ र ६) | ० | | ८३१५२ | | ५६९९७३ | | | |
| | | कुल जम्मा | ८२७८८५४० | ७४९७११२ | ७७१८७८३ | ५८९१३६०० | ६०८९५३९६ | | | |

# विमानस्थल भन्सारमा १० लाख मूल्य बराबरको चाँदीका सामान सहित मानिस पक्राउ

त्रिभुवन विमानस्थल भन्सार कार्यालयले अन्तर्राष्ट्रिय विमानस्थलको यात्रु आगमन कक्षबाट करिब १० लाख मूल्य बराबरको चाँदीका सामान चोरी पैठारी गर्दै गरेको अवस्थामा मान्छे समेत पक्राउ गरेको छ। गहना, सजावटका सामान र भाडाकुँडाको रूपमा १० केजी परिणाममा रहेको चाँदीका सामान चैत्र २५ गते सोमबार दिनको ४ बजेर ३० मिनेटको समयमा इन्डियन एअरलाइन्सको भारतको दिल्लीबाट आएको यात्रुहरूको भन्सार जाँचपास गर्ने क्रममा भारतको राजस्थान घर भइ हाल न्यूरोड, काठमाण्डौंमा बसोवास गर्ने वर्ष ४० का दीपक सरावगीबाट ग्रीन च्यानलमा बरामद गरिएको हो। वाकथ्रोबाट आगमन कक्षमा प्रवेश गर्दा देखिनै सरावगीको व्यवहार असामान्य लागि ड्युटीमा रहनु भएका एकजना भन्सार पदाधिकारी निजको अनुगमन गर्दै ग्रीन च्यानल सम्म आइ सो समयमा लाममा रहेका सम्पूर्ण यात्रुहरूको सामान एक्सरे मेसिनमा राख्न लगाउँदा सो सामान रहेको दुई थान सुटकेस बरामद भएको हो। सराबगी पक्राउ परेको भोलिपल्ट नगद धरौटी राखी तारेखमा छुटेका छन्।

पक्राउ परेका सरावगीले बारम्बार दिल्ली-काठमाडौंको यात्रा गरेको देखिएको हुँदा हाल यात्रु आगमन कक्षमा रहने गरेको अत्यधिक यात्रु चाँप रहेको अवस्थाको फाइदा उठाइ यस भन्दा अगाडि पनि यस प्रकारको अनैतिक कार्य गरेको हुन सक्ने निजको व्यवहारबाट अनुमान गर्न सकिने भनाई निजलाई पक्राउ गर्ने भन्सार पदाधिकारीको रहेको छ। हाल नेपालमा हुने अन्तर्राष्ट्रिय उडानको संख्या तथा यात्रु चाँपको तुलनामा देशको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थलको भवनको क्षेत्रफल अत्यन्त कम रहेको कारण यात्रु आगमन तथा प्रस्थान कक्षमा अत्यन्त भिड हुने गरेको छ। यात्रु आगमन कक्षमा ३ वटा एक्सरे मेसिन रहेका छन तर एक समयमा २ जना मात्र एक्सरे मेसिनमा सामान जाँच गर्ने प्राविधिक कर्मचारीहरू ड्युटीमा रहने गर्दछन्। प्रस्थान कक्षको भन्सार क्षेत्रमा रहेको २ वटा मेसिन तथा कार्गो कक्षको निकासी तथा पैठारी गोदाममा एक्सरे प्राविधिक खटाउने गरिएको छैन।भन्सार प्रशासनमा प्रशासन तर्फका कर्मचारीहरूमा एक्सरे मेसिनमा सामान परीक्षण गर्ने तालिम र अनुभव भएका कर्मचारीहरूको अभाव रहेको छ।यही अवस्थाको फाइदा चोरी पैठारीमा संलग्न व्यक्तिहरूले उठाउने प्रयास गर्ने गरेको तथा भन्सार प्रशासनको सक्रियताको कारण चालू आर्थिक वर्षको हालसम्मको अवधिमा विमानस्थल भन्सार कार्यालयले चोरी पैठारीमा पक्राउ परेको सामान लिलामीबाट ५ करोड रुपिया भन्दा बढि राजस्व सङ्कलन गरिसकेको छ।

प्रकाशक : भन्सार विभाग, त्रिपुरेश्वर, काठमाडौं। फो नं.४२५९७९१, ४२५९७९३ फ्याक्स :४२५९८०८